अनुसूची १

**त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क**
**आर्थिक वर्ष २०८२/८३**
**तेस्रो त्रैमासिक (माघ, फागुन, चैत्र)**
**प्रकाशित मितिः २०८३/०३/२२**
**प्रेस नोट**

१. परिचय

अर्थतन्त्र भित्र अविछिन्न रूपमा विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन भइरहेका हुन्छन्। जस अन्तर्गत वस्तु तथा सेवाको उत्पादन, उपभोग, सञ्चय, लगानी आदि कार्यहरू पर्दछन्। यस्ता क्रियाकलापको मापनबाट विभिन्न आर्थिक सूचक जस्तैः कुल उत्पादन, मध्यवर्ती उपभोग, कुल मूल्य अभिवृद्धि, आर्थिक वृद्धिदर, अन्तिम उपभोग, लगानी आदि तयार गरिन्छ। यस किसिमका आर्थिक परिसूचकहरू राष्ट्रिय लेखा प्रणालीबाट उपलब्ध हुन्छन्। आर्थिक सूचकमा भएको आवधिक परिवर्तनको आधारमा प्रयोगकर्ताले आवश्यक नीति निर्माण गर्ने, नीति परिवर्तन गर्ने, कार्यक्रम कार्यान्वयनमा पुनरावलोकन गर्ने लगायतका विभिन्न निर्णय गर्दछन्। साथै, आर्थिक सूचकको प्रयोगबाट अर्थतन्त्रको स्वरूप, संरचना तथा व्यवहारको अध्ययन गरिन्छ। यसका अतिरिक्त, अर्थशास्त्रीय विश्लेषण तथा अन्तर्राष्ट्रिय तुलनात्मक अध्ययनमा समेत आर्थिक सूचकको व्यापक प्रयोग भइरहेको हुन्छ।

राष्ट्रिय लेखा प्रणाली बमोजिम आर्थिक सूचक निर्माण गर्नका लागि अर्थतन्त्रभित्र सञ्चालित सबै प्रकारका आवासीय एकाईले सञ्चालन गरेका आर्थिक क्रियाकलापलाई मापन गरी प्रस्तुत गर्ने गरिन्छ। यस किसिमका तथ्याङ्क उपलब्ध गराउनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले अन्तर्राष्ट्रिय मापदण्ड तथा सिद्धान्तको अनुशरण गरी वार्षिक, प्रादेशिक तथा त्रैमासिक राष्ट्रिय लेखाका अनुमान नियमित रूपमा सार्वजनिक गर्दै आएको छ। वार्षिक राष्ट्रिय लेखाका अनुमानबाट छोटो अवधिमा हुने आर्थिक वृद्धि वा संकुचनलाई लेखाजोखा गर्न सकिंदैन। तसर्थ, छोटो अवधिमा भएका परिवर्तनलाई समेटी अर्थतन्त्रको दिशाबोध गर्नका लागि त्रैमासिक राष्ट्रिय लेखाका अनुमान प्रयोग गर्ने प्रचलन रही आएको छ। यसै सन्दर्भमा नेपालले पनि आर्थिक वर्ष २०६७/६८ देखि निरन्तर रूपमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गरी प्रकाशन गर्दै आएको छ।

हाल प्रकाशित त्रैमासिक राष्ट्रिय लेखाका अनुमान आर्थिक वर्ष २०६७/६८ लाई आधार वर्ष मानेर तयार गरिएका छन्। त्रैमासिक रूपमा प्रकाशित अनुमान स्थिर मूल्यमा मात्र मापन गरिएका छन्। प्रत्येक त्रैमासिक समाप्त भएको ९० दिन भित्रमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक गर्ने कार्यालयको अभ्यासबमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकको अनुमान सार्वजनिक गरिएको छ। यस क्रममा अघिल्ला त्रैमासिकहरूमा प्रकाशित राष्ट्रिय लेखाका अनुमानहरूलाई अद्यावधिक गरी परिमार्जन समेत गरिएको छ।

## २. त्रैमासिक राष्ट्रिय लेखा अनुमान गर्ने विधि

त्रैमासिक कुल गार्हस्थ्य उत्पादनका अनुमान तयार गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूसँग सम्बन्धित सूचकहरूका आधारमा प्रथमतः मौसमी प्रभाव सहितका त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (Seasonally Unadjusted Quarterly Gross Domestic Product) अनुमान गरिन्छ। त्यसपछि अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund-IMF) ले प्रचलनमा ल्याएको अरिमा (X-

12a ARIMA) को प्रयोग गरी मौसमी प्रभाव समायोजित कुल गार्हस्थ्य उत्पादनका (Seasonally Adjusted Quarterly Gross Domestic Product) अनुमान तयार गरिएको छ। यी अनुमानका आधारमा त्रैमासिक वृद्धिदर तयार गरिन्छ।

तालिका १ मा मौसमी प्रभाव सहितका मूल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर अनुमान गर्न अघिल्लो आर्थिक वर्षको सोही त्रैमासिकको विवरणसँग तुलना गर्ने गरिन्छ। अर्कोतर्फ, तालिका २ मा मौसमी प्रभाव समायोजित मूल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of gross value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर क्रमशः अघिल्लो त्रैमासिकको विवरणसँग तुलना गरी गणना गरिएको हुन्छ । त्यसैगरी, तालिका ३ मा मौसमी प्रभाव सहितका स्थिर मूल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका आधारभुत मूल्यका कुल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ। त्यसैगरी, तालिका ४ मा मौसमी प्रभाव समायोजित स्थिर मूल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका आधारभुत मूल्यका कुल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ।

## ३. आर्थिक वृद्धिको त्रैमासिक अवस्था

तालिका १ मा प्रस्तुत मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्क अनुसार त्रैमासिक कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा ३.५१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। यो बृद्धि हुनुमा विद्युत उत्पादन तथा वितरण, निक्षेप संकलन तथा ऋण प्रवाह, निर्जीवन बिमा प्रिमियम कलेक्सन, व्यापार सेवा, लगायतका क्रियाकलापमा भएको वृद्धि मुख्य कारण रहेको छ। समग्रमा यस त्रैमासमा प्रस्तुत गरिएका कुल १८ वटा औद्योगिक वर्गिकरण मध्ये सार्वजनिक प्रशासन तथा रक्षा र औद्योगिक उत्पादन बाहेक अन्य औद्योगिक वर्गिकरणमा धनात्मक वृद्धिदर रहेको अनुमान गरिएको छ। यद्यपि आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकमा निर्माण सामाग्रीको आयात, धान वालीको उत्पादन तथा केही वस्तुहरूको घरेलु उत्पादनमा भएको गिरावटका कारण यस त्रैमासिकको वृद्धिदर सामान्य अवस्थामा रहेको देखिन्छ।


तालिका २ मा प्रस्तुत मौसमी प्रभाव समायोजित तथ्याङ्कका आधारमा त्रैमासिक कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिकको तुलनामा सोही आर्थिक वर्षको तेस्रो त्रैमासिकमा ०.५८ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ।

## ४. मौसमी प्रभाव असमायोजित त्रैमासिक कुल मूल्य अभिवृद्धि वृद्धिदर

*(आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकको वृद्धि)*

आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक र अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिबीच क्षेत्रगत तुलना गर्दा अर्थतन्त्रका प्रस्तुत गरिएका १८ ओटा औद्योगिक वर्गिकरणहरू मध्ये १६ वटाको कुल मूल्य अभिवृद्धि वृद्धिदर धनात्मक रहेको प्रारम्भिक अनुमान छ (तालिका १)। जसमध्ये विद्युत तथा ग्याँस सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै वृद्धिदर २४.८८ प्रतिशत रहेको छ भने यस औद्योगिक वर्गिकरण लाई पछ्याउँदै वित्तिय तथा बिमासम्वन्धी क्रियाकलाप; यातायात तथा भण्डारण र थोक तथा खुद्रा व्यापारमा क्रमश: १०.२७ प्रतिशत, ७.८३ प्रतिशत र ५.२५ प्रतिशत वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ।

अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुर्याउने कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।





चित्र १ मौसमी प्रभाव असमायोजित आर्थिक वृद्धिदर

*(अघिल्लो आर्थिक वर्ष र लगत्तै पछिल्लो आर्थिक वर्षको सम्बन्धित त्रैमासिकको तुलनात्मक वृद्धिदर)*

धान वालीको उत्पादनमा कमी आएको भए तापनि पशुपन्छी, तरकारीबाली तथा फलफुल र वनपैदावारको उत्पादनमा भएको सामान्य वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ। त्यसैगरी, अर्थतन्त्रको दोस्रो ठुलो हिस्सा ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ५.२५ प्रतिशत भएको अनुमान गरिएको छ। व्यापारजन्य वस्तुको स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिका कारणले यस क्षेत्रको वृद्धि हुन गएको देखिन्छ। अर्कोतर्फ, सार्वजनिक प्रशासन तथा रक्षा र औद्योगिक उत्पादनको क्रमशः -१.५९ प्रतिशत र -०.५४ प्रतिशत ले ऋणात्मक वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ।अन्य औद्योगिक वर्गिकरणहरूको वृद्धि सामान्य रहेको प्रारम्भिक अनुमान गरिएको छ।

विगत पाँच आर्थिक वर्षहरूको त्रैमासिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदरलाई चित्र १ मा प्रस्तुत गरिएको छ। जसअनुसार नेपालको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा आर्थिक बर्ष २०७८/७९ को चौथो त्रैमासिकमा सबैभन्दा धेरै र २०७९/८० को दोस्रो त्रैमासिक सबैभन्दा थोरै देखिन्छ भने अन्य वर्षहरूमा सामान्य घटबढ भएको देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकमा प्रस्तुत गरिएका १८ ओटा औद्योगिक क्रियाकलापको वर्गिकरण अनुसारको मौसमी प्रभाव असमायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदरलाई चित्र २ मा प्रस्तुत गरिएको छ।




चित्र २ औद्योगिक क्रियाकलापको वर्गिकरण अनुसार मौसमी प्रभाव असमायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदर (आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक)

## ५. मौसमी प्रभाव समायोजित त्रैमासिक कुल मूल्य अभिवृद्धि वृद्धिदर


*(आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिकको तुलनामा सोही आर्थिक वर्षको तेस्रो त्रैमासिकको वृद्धि)*

मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई हेर्दा आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक (कार्तिक, मंसिर र पुष) को तुलनामा सोही आर्थिक वर्षको तेस्रो त्रैमासिक (माघ, फागुन र चैत्र) मा कुल १८ ओटा औद्योगिक वर्गिकरणमध्ये ११ वटाको वृद्धिदर धनात्मक देखिएको छ भने सात वटाको वृद्धिदर ऋणात्मक देखिएको छ । यो अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा रहेको कृषि, वन तथा मत्स्य क्षेत्र -०.०४ प्रतिशतले ऋणात्मक वृद्धि भएको देखिन्छ। त्यसैगरी, अर्थतन्त्रमा दोस्रो बढी हिस्सा रहेको थोक तथा खुद्रा व्यापारको २.०२ प्रतिशतले वृद्धि भएको देखिन्छ।

धनात्मक वृद्धिदर हुने १६ वटा औद्योगिक वर्गिकरणहरूमध्ये सबैभन्दा धेरै वृद्धिदर विद्युत तथा ग्याँसको ६.८७ प्रतिशत र यस क्षेत्रलाई पछ्याउँदै खानि तथा उत्खनन् २.२३ र थोक तथा खुद्रा व्यापार २.०२ प्रतिशत रहेको छ। अर्को तर्फ आवास तथा भोजन, बैङ्क तथा विमा र औद्योगिक उत्पादनको क्रमश: -२.३० प्रतिशत, १.०७ प्रतिशत र -०.८३ प्रतिशत ऋणात्मक वृद्धि भएको देखिन्छ। बाँकी अन्य औद्योगिक वर्गिकरणको वृद्धिदर सामान्य रहेको देखिन्छ। यसरी आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिकमा भन्दा सोही आर्थिक वर्षको तेस्रो त्रैमासिकमा समग्र अर्थतन्त्रको वृद्धि ०.५८ प्रतिशत भएको प्रारम्भिक अनुमान गरिएको छ।

कूल १८ वटा औद्योगिक वर्गिकरणको मौसमी प्रभाव असमायोजित मूल्य अभिवृद्धि वृद्धिदर तथा समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका १ मा र मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धिको वृद्धिदर र समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका २ मा प्रस्तुत गरिएको छ। त्यसैगरी, आधारभूत मूल्यमा मापन गरिएका स्थिर मूल्यका मौसमी प्रभाव असमायोजित तथा समायोजित कूल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादनका मानहरु क्रमशः तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ। स्थिर मूल्यमा मापन गरिएका कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्कले समग्र अर्थतन्त्रको आकार भने प्रस्तुत गर्न सक्दैन।

आर्थिक वर्ष २०८२/८३ को  तेस्रो त्रैमासिकमा १८ वटा औद्योगिक वर्गिकरणको मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदरलाई चित्र ३ मा प्रस्तुत गरिएको छ।




चित्र ३ औद्योगिक क्रियाकलापअनुसार मौसमी प्रभाव समायोजित कुल मूल्य अभिवृद्धि वृद्धिदर
(आर्थिक वर्ष २०८२/८३ तेस्रो त्रैमासिक)


थप जानकारीका लागिः

निर्देशक दिनेश भट्टराई
मोबाइलः ९८४१५००७५८
निर्देशक ऋषि राम सिग्देल
मोबाइलः९८४६२२६१८०

ढुण्डीराज लामिछाने
प्रवक्ता एवम् उप प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय
फोन नः९८४१४१४३१२
इमेल; dhundiraj@gmail.com

**Table 1: Seasonally Unadjusted (Year on Year) Growth Rate of QGDP and QGVA by Economic Activities (at basic Price, 2010/11)** अनुसूची २

| ISIC | Industrial Classification | 2080/81 2023/24 | | | | 2081/82 2024/25 | | | | 2082/83 2025/26 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture, forestry and fishing | 1.35 | 1.58 | 3.15 | 6.11 | 4.17 | 2.98 | 2.84 | 2.49 | 0.64 | 1.88 | 1.58 |
| B | Mining and quarrying | 6.42 | -3.28 | -7.38 | 16.85 | -1.95 | 3.02 | 5.34 | -0.20 | 4.41 | 2.32 | 4.25 |
| C | Manufacturing | 0.13 | -4.36 | -4.32 | 0.75 | 1.57 | 3.58 | 4.52 | -0.59 | 1.28 | 1.84 | -0.54 |
| D | Electricity, gas, steam and air conditioning supply | 18.01 | 19.13 | 39.08 | -8.49 | 17.03 | 6.67 | 11.88 | 12.76 | 16.59 | 22.33 | 24.88 |
| E | Water supply; sewerage, waste management | 2.17 | 1.13 | 0.74 | 0.95 | 1.80 | 2.21 | 2.40 | 1.85 | 1.09 | 0.54 | 0.18 |
| F | Construction | 0.32 | 9.77 | -6.30 | -9.24 | -4.79 | 3.14 | 4.29 | 1.45 | 3.51 | 2.46 | 2.75 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | -1.30 | 0.44 | -2.80 | 2.23 | 1.19 | 3.46 | 4.15 | 6.19 | 4.24 | 4.20 | 5.25 |
| H | Transportation and storage | 5.33 | 19.01 | 18.79 | 10.33 | 7.21 | 7.62 | 5.71 | 8.00 | 0.23 | 9.09 | 7.83 |
| I | Accommodation and food service activities | 14.63 | 35.57 | 21.37 | 13.36 | 8.15 | 4.59 | 1.49 | 4.44 | 3.73 | 7.86 | 1.72 |
| J | Information and communication | 7.00 | 7.92 | 6.36 | -1.75 | 2.10 | 5.77 | 5.98 | 5.79 | 4.03 | 5.55 | 4.87 |
| K | Financial and insurance activities | 12.08 | 20.96 | 1.82 | 7.14 | 4.38 | 6.35 | 6.42 | 13.60 | 8.45 | 13.17 | 10.27 |
| L | Real estate activities | 2.21 | 2.20 | 2.19 | 2.19 | 2.78 | 2.77 | 2.78 | 2.77 | 2.01 | 2.03 | 2.05 |
| M | Professional, scientific and technical activities | 3.74 | 4.00 | 4.54 | 4.31 | 3.26 | 4.01 | 4.37 | 4.43 | 5.55 | 5.30 | 4.19 |
| N | Administrative and support service activities | 5.53 | 3.37 | 3.07 | 6.01 | 1.90 | 2.91 | 4.56 | 5.36 | 5.24 | 3.77 | 3.59 |
| O | Public administration and defense; compulsory social security | -0.47 | -0.43 | 0.53 | 9.41 | -1.15 | 2.85 | 4.59 | 5.33 | 2.13 | 1.44 | -1.59 |
| P | Education | 2.44 | 3.04 | 2.88 | 3.51 | 0.84 | 2.48 | 2.72 | 3.32 | 2.76 | 1.21 | 1.22 |
| Q | Human health and social work activities | 4.77 | 4.70 | 7.88 | 7.21 | 4.21 | 4.78 | 5.53 | 4.28 | -0.03 | 3.11 | 2.19 |
| R, S, T | Others services | 2.25 | 7.32 | 8.27 | 4.04 | 2.99 | 4.59 | 3.89 | 4.72 | 2.02 | 3.33 | 1.60 |
| | **QGDP** | **2.96** | **4.69** | **2.47** | **3.29** | **2.97** | **3.79** | **4.05** | **4.35** | **3.15** | **4.13** | **3.51** |

**Table 2: Seasonally Adjusted (Quarter on Quarter) Growth Rate of QGDP and QGVA by Economic Activities (at basic Price, 2010/11)**

| ISIC | Industrial Classification | 2080/81 2023/24 Q1 | 2080/81 2023/24 Q2 | 2080/81 2023/24 Q3 | 2080/81 2023/24 Q4 | 2081/82 2024/25 Q1 | 2081/82 2024/25 Q2 | 2081/82 2024/25 Q3 | 2081/82 2024/25 Q4 | 2082/83 2025/26 Q1 | 2082/83 2025/26 Q2 | 2082/83 2025/26 Q3 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | Agriculture, forestry and fishing | 1.69 | 1.24 | 1.39 | 1.96 | -0.97 | 1.00 | 0.64 | 1.88 | -2.79 | 2.51 | -0.04 |
| B | Mining and quarrying | -0.88 | -3.51 | -1.71 | 22.54 | -14.95 | 1.44 | 0.44 | 12.98 | -8.97 | -0.49 | 2.23 |
| C | Manufacturing | -3.43 | -2.49 | 0.98 | 5.06 | -1.74 | -0.14 | 1.49 | -0.34 | 0.15 | 0.61 | -0.83 |
| D | Electricity, gas, steam and air conditioning supply | -18.32 | 4.80 | -0.61 | 6.71 | 4.02 | -2.00 | 4.46 | 5.51 | 7.17 | 4.27 | 6.87 |
| E | Water supply; sewerage, waste management | -2.05 | 1.41 | 0.46 | 0.60 | -0.02 | 1.12 | 0.54 | -0.07 | -0.23 | 0.27 | 0.11 |
| F | Construction | -10.45 | -5.54 | -0.54 | 5.96 | -4.09 | 2.40 | 0.56 | 2.23 | -1.72 | 1.30 | 1.32 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | -3.77 | -1.93 | 2.25 | 3.08 | -1.42 | 1.06 | 1.54 | 4.00 | -2.48 | 1.75 | 2.02 |
| H | Transportation and storage | 7.88 | 4.22 | 0.59 | -1.27 | 5.50 | 0.72 | 0.51 | 1.27 | -0.30 | 5.92 | 0.67 |
| I | Accommodation and food service activities | 5.18 | 0.48 | 3.98 | 2.08 | 1.95 | -2.74 | 1.23 | 1.78 | 1.38 | 3.31 | -2.30 |
| J | Information and communication | 1.81 | -1.15 | -0.03 | -1.55 | 4.87 | 2.14 | 0.42 | -1.40 | 2.93 | 3.38 | -0.15 |
| K | Financial and insurance activities | 21.32 | 1.28 | -2.34 | -5.34 | 14.00 | -0.91 | -1.23 | 3.95 | 3.12 | 4.71 | -1.07 |
| L | Real estate activities | 0.31 | 0.53 | 0.71 | 0.64 | 0.88 | 0.46 | 0.78 | 0.64 | 0.14 | 0.43 | 0.83 |
| M | Professional, scientific and technical activities | 0.93 | 0.97 | 1.27 | 0.74 | 0.16 | 1.83 | 1.40 | 1.31 | 1.07 | 1.36 | 0.58 |
| N | Administrative and support service activities | 2.21 | 0.98 | 0.62 | 0.59 | -0.23 | 2.23 | 2.14 | 1.70 | -0.41 | 0.62 | 1.54 |
| O | Public administration and defense; compulsory social security | 6.86 | 0.50 | 2.17 | -0.03 | -3.28 | 4.05 | 3.84 | 0.79 | -5.93 | 3.09 | 0.45 |
| P | Education | 1.47 | 2.02 | -1.45 | 1.59 | -1.13 | 3.16 | -0.61 | 1.88 | -1.53 | 1.26 | -0.08 |
| Q | Human health and social work activities | 4.01 | 0.13 | 1.50 | 1.68 | 0.76 | 0.62 | 2.37 | 0.54 | -3.61 | 3.94 | 1.45 |
| R, S, T | Others services | 0.82 | 1.35 | 2.54 | -0.94 | 0.49 | 2.42 | 1.60 | 0.16 | -1.82 | 3.36 | -0.19 |
| | **QGDP** | **0.58** | **0.17** | **0.79** | **1.73** | **0.34** | **1.04** | **0.92** | **2.03** | **-1.25** | **2.44** | **0.58** |

**Table 3: Seasonally Unadjusted QGDP and QGVA by Economic Activities (at constant basic Price, 2010/11, in million Rs.)**

| ISIC | Industrial Classification | 2080/81 | | | | 2081/82 | | | | 2082/83 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2023/24 | | | | 2024/25 | | | | 2025/26 | | |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture, forestry and fishing | 141044 | 204989 | 166286 | 191236 | 146925 | 211088 | 171003 | 195995 | 147861 | 215062 | 173711 |
| B | Mining and quarrying | 4099 | 4104 | 3972 | 5404 | 4019 | 4227 | 4184 | 5393 | 4196 | 4326 | 4362 |
| C | Manufacturing | 30720 | 31281 | 32291 | 32083 | 31203 | 32403 | 33750 | 31893 | 31604 | 32998 | 33569 |
| D | Electricity, gas, steam and air conditioning supply | 20676 | 13704 | 8723 | 16899 | 24199 | 14617 | 9759 | 19055 | 28213 | 17881 | 12188 |
| E | Water supply; sewerage, waste management | 4738 | 4153 | 4119 | 4290 | 4824 | 4245 | 4217 | 4369 | 4876 | 4268 | 4225 |
| F | Construction | 40571 | 37595 | 38828 | 44052 | 38627 | 38774 | 40494 | 44691 | 39984 | 39728 | 41606 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 74511 | 89017 | 85738 | 92493 | 75399 | 92101 | 89298 | 98219 | 78594 | 95967 | 93990 |
| H | Transportation and storage | 38320 | 41298 | 37587 | 24566 | 41084 | 44447 | 39734 | 26531 | 41179 | 48487 | 42847 |
| I | Accommodation and food service activities | 10353 | 11495 | 11170 | 10151 | 11197 | 12023 | 11336 | 10602 | 11615 | 12967 | 11531 |
| J | Information and communication | 24336 | 24584 | 23223 | 21876 | 24848 | 26002 | 24611 | 23141 | 25849 | 27445 | 25810 |
| K | Financial and insurance activities | 37752 | 37038 | 39775 | 34513 | 39406 | 39391 | 42327 | 39206 | 42734 | 44578 | 46675 |
| L | Real estate activities | 47207 | 47207 | 47193 | 47215 | 48519 | 48514 | 48503 | 48524 | 49496 | 49499 | 49499 |
| M | Professional, scientific and technical activities | 5356 | 5547 | 5591 | 5653 | 5530 | 5770 | 5835 | 5904 | 5837 | 6075 | 6079 |
| N | Administrative and support service activities | 4145 | 4329 | 4424 | 4548 | 4224 | 4454 | 4626 | 4792 | 4445 | 4622 | 4792 |
| O | Public administration and defense; compulsory social security | 28133 | 28498 | 30182 | 31266 | 27809 | 29309 | 31567 | 32934 | 28401 | 29732 | 31063 |
| P | Education | 35431 | 36545 | 34878 | 37371 | 35729 | 37453 | 35828 | 38613 | 36716 | 37905 | 36264 |
| Q | Human health and social work activities | 8948 | 8586 | 8679 | 9264 | 9325 | 8997 | 9159 | 9660 | 9323 | 9276 | 9359 |
| R, S, T | Other Services | 2959 | 2986 | 3079 | 3044 | 3047 | 3123 | 3199 | 3188 | 3109 | 3227 | 3250 |
| | **QGDP** | **559298** | **632955** | **585737** | **615924** | **575914** | **656938** | **609431** | **642709** | **594031** | **684042** | **630820** |

**Table 4: Seasonally Adjusted QGDP and QGVA by Economic Activities (at constant basic Price, 2010/11, in million Rs.)**

| ISIC | Industrial Classification | 2080/81 | | | | 2081/82 | | | | 2082/83 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2023/24 | | | | 2024/25 | | | | 2025/26 | | |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 |
| A | Agriculture, forestry and fishing | 172159 | 174293 | 176717 | 180188 | 178439 | 180229 | 181384 | 184796 | 179637 | 184149 | 184072 |
| B | Mining and quarrying | 4300 | 4149 | 4078 | 4997 | 4250 | 4311 | 4330 | 4892 | 4453 | 4431 | 4530 |
| C | Manufacturing | 31607 | 30821 | 31123 | 32699 | 32131 | 32087 | 32565 | 32455 | 32505 | 32704 | 32431 |
| D | Electricity, gas, steam and air conditioning supply | 14345 | 15033 | 14942 | 15944 | 16585 | 16253 | 16978 | 17913 | 19197 | 20016 | 21392 |
| E | Water supply; sewerage, waste management | 4260 | 4320 | 4340 | 4366 | 4365 | 4414 | 4438 | 4435 | 4425 | 4437 | 4442 |
| F | Construction | 41455 | 39159 | 38947 | 41267 | 39578 | 40529 | 40755 | 41663 | 40948 | 41479 | 42027 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 84772 | 83140 | 85008 | 87626 | 86381 | 87294 | 88635 | 92178 | 89893 | 91468 | 93317 |
| H | Transportation and storage | 34375 | 35825 | 36035 | 35578 | 37536 | 37805 | 37998 | 38482 | 38365 | 40635 | 40906 |
| I | Accommodation and food service activities | 10491 | 10541 | 10961 | 11189 | 11407 | 11094 | 11231 | 11431 | 11589 | 11973 | 11698 |
| J | Information and communication | 23828 | 23554 | 23548 | 23183 | 24312 | 24833 | 24938 | 24588 | 25308 | 26164 | 26125 |
| K | Financial and insurance activities | 38113 | 38602 | 37700 | 35687 | 40683 | 40311 | 39817 | 41391 | 42681 | 44693 | 44213 |
| L | Real estate activities | 46780 | 47028 | 47363 | 47668 | 48086 | 48306 | 48681 | 48994 | 49062 | 49274 | 49685 |
| M | Professional, scientific and technical activities | 5449 | 5502 | 5572 | 5613 | 5622 | 5725 | 5805 | 5881 | 5944 | 6025 | 6060 |
| N | Administrative and support service activities | 4304 | 4346 | 4373 | 4399 | 4389 | 4487 | 4583 | 4661 | 4642 | 4671 | 4743 |
| O | Public administration and defense; compulsory social security | 29076 | 29222 | 29857 | 29849 | 28869 | 30039 | 31191 | 31438 | 29574 | 30489 | 30626 |
| P | Education | 35638 | 36358 | 35832 | 36401 | 35990 | 37129 | 36901 | 37594 | 37017 | 37485 | 37454 |
| Q | Human health and social work activities | 8760 | 8771 | 8903 | 9053 | 9122 | 9179 | 9397 | 9448 | 9107 | 9466 | 9603 |
| R, S, T | Other Services | 2954 | 2994 | 3070 | 3041 | 3056 | 3130 | 3180 | 3185 | 3127 | 3232 | 3226 |
| | **QGDP** | **592666** | **593658** | **598369** | **608748** | **610801** | **617155** | **622807** | **635425** | **627474** | **642791** | **646550** |

**Note:** **QGDP = Quarterly Gross Domestic Product** **QGVA = Quarterly Gross Value Added**

**Q1=श्रावण, भाद्र, असोज (Mid July –Mid October), Q2=कार्तिक, मंसीर, पौष (Mid October -Mid January), Q3=माघ, फागुन, चैत्र (Mid January -Mid April), Q4=वैशाख, जेष्ठ, असार (Mid April - Mid July)**